*"Youth and Climate Change: Time for Action"*

"युवा र जलवायु परिवर्तन : कामको लागि समय "

# युवाको अधिकार र हाम्रो भुमिका

## अन्तरक्रिया कार्यक्रम

**२०६५ साउन २८ (१२ अगष्ट २००८)**

**तानसेन नगरपालीका सभाहल, तानसेन, पाल्पा**

## साझा प्रतिबद्धता पत्र

आज मिति २०६५ साउन २८ गते तदनुसार १२ अगष्ट २००८ का दिन **अन्तराष्ट्रिय युवा दिबस**को अवसर पारेर पाल्पा जिल्लामा युवाहरुको क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुको आयोजनमा *युवा अधिकार र हाम्रो भुमिका* बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

- युवा तथा रोजगार मन्त्रालयको ब्यबस्था गर्नु पर्ने ।
- रोजगारिको ग्यारेन्टि र बेरोजगारलाई भत्ता उपलब्ध गराउने ब्यवस्था गर्नुपर्ने ।
- शिक्षा ब्यवसायीक, ब्यवहारिक हुनुपर्ने तथा बैज्ञानिक शिक्षा निती ल्याउनु पर्ने ।
- युवा अरुले प्रयोग गर्ने अवस्था बाट मुक्त हुने ब्यवस्था गर्नुपर्ने ।
- १६ बर्ष उमेर पुगेकालाई मताधिकारको ब्यवस्था गर्नुपर्ने ।
- राज्यका हरेक क्षेत्रमा युवाको समान सहभागिताको सुनिश्चितता गरिनुपर्ने ।
- युवा रोजगार बैंकको स्थापना गर्नुपर्ने ।
- सबै तह र तप्काका युवाहरुले बिश्वब्यापिकरणले ल्याएका अवसर प्राप्त गर्न सक्ने र युवालाई क्षमतावान बनाउन राज्यले जिम्मा लिनुपर्ने ।
- युवाहरुको प्रजनन् स्वास्थ्यलाई युवा अधिकारको रुपमा सुनिश्चित गरिनुपर्ने ।
- युवाहरुको पहिचान गर्नुपर्ने अर्थात युवाको स्पष्ट परिभाषा गरिनुपर्ने ।
- युवाहरुको प्रतिभा र क्षमताको पहिचान गरि स्वरोजगारको अवसर सृजना गर्ने ।
- संबिधान निर्माण प्रकृयामा युवाहरुको सहभागिता हुनुपर्ने ।
- फरक क्षमता भएका युवाहरुलाई बिशेष ब्यवस्था गरिनुपर्ने ।
- युवाहरुको सहि तथ्याकं संकलन गर्नुपर्ने ।

**छलफलमा उठेका उपरोक्त सवालहरुलाई ध्यानमा राख्दै,**

हामि आज अनतराष्ट्रिय युवा दिवसको अवसरमा आयोजित यो अन्तरक्रियाका तपशिलमा उल्लेखित बिभिन्न निकायका प्रमुख तथा प्रतिनिधिहरु निम्ननुसारको साझा प्रतिबद्धताका बुँदाहरुमा प्रतिबद्धता जाहेर गर्दछौं ।

**प्रतिबद्धताका बुँदाहरु :**

**प्रतिबद्धता नं १** युवा कृयाशिलतालाई पाल्पा जिल्लामा बढावा दिनका लागि पहल गर्नेछौं । त्यसका लागि आवश्यक वातवरण तयार पार्न सहयोग रहनेछ ।

**प्रतिबद्धता नं २** युवाहरुलाई आवश्यकता हेरिकन प्रयोग गर्ने र त्यसपछि बिर्सने संस्कारलाई निरुत्साहित गर्दै निर्णय प्रक्रिया, नेतृत्व तथा राज्यका सबै तहमा युवाको समान सहभागिता सुनिश्चित गर्दै अघि बढ्न सहमत भएका छौं ।

प्रतिबद्धता नं ३  युवा अधिकारका सवालमा पैरवी गर्ने र कार्यान्वयन तहमा त्यसलाई उतार्नका लागि प्रतिबद्ध रहँदै सोहि अनुसार गर्न गराउनका लागि सहमत छौं ।
प्रतिबद्धता नं ४ जिल्लामा युवाहरुको स्तर बृद्धि गर्नमा ठोस योजना तथा कार्यक्रम तय गरि युवाको क्षेत्रमा कार्य गर्नमा सहमत छौं ।
प्रतिबद्धता नं ५ युवाहरुको प्रजनन् स्वास्थ्यलाई युवा अधिकारको रुपमा सुनिश्चत गर्ने सम्बन्धमा कार्य गर्न सहमत छौ ।
प्रतिबद्धता नं ६  युवाहरुको सवालहरुलाई प्राथमिक्तामा राख्दै, समाज परिवर्तनका लागि युवाहरुले तय गरेका सबैखाले योजना तथा कार्यक्रमहरुमा पुर्ण ऐक्यबद्धता सहित सहकार्य गर्न सहमत भएकाछौं ।
प्रतिबद्धता नं ७ युवाका स्थानीय सवालहरुलाई केन्द्रिकृत गर्न भुमिका खेल्नेछौं ।
प्रतिबद्धता नं ८ तेस्रो लिगिंको समस्या पहिचान गरि समाधान गर्न पहल गर्नेछौ ।

**साझा प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नेहरु :**

१ प्रमुख/प्रतिनिधि, नेकापा एमाले, पाल्पा
२ प्रमुख/प्रतिनिधि, नेकपा माओवादी, पाल्पा
३ प्रमुख/प्रतिनिधि, नेपाली काँग्रेस, पाल्पा
४ प्रमुख/प्रतिनिधि, जनमोर्चा नेपाल, पाल्पा
५ लिला सोमै, सभासद, नेकपा माओवादी
६ प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, पाल्पा

आयोजक संस्थाहरु

**Youth Action Nepal**
युवा कार्य नेपाल

नेपाल परिवार नियोजन संघ
पाल्पा

साथी संग मनका कुरा
क्षेत्रिय संजाल, पाल्पा

असल सासन क्लब
जिल्ला समन्वय समिति
पाल्पा

बालबालिकाका लागि संयुक्त
अभियान, पाल्पा

**SKY Samaj, Nepal**
**Palpa**

करियर ग्रुप नेपाल

शान्ति र बिकासका लागि युवा
पाल्पा